का.जि.प्र.का.द.नं. १००/०५९/६०
❐ वर्ष १७, अंक ३०५
❐ ११ माघ २०७६, शनिबार
❐ 25 January 2020, Saturday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

# सकसमा सापकोटा



**मध्यान्ह संवाददाता**
काठमाडौं, १० माघ

प्रतिनिधिसभाको सभामुखका निर्विरोध उम्मेदवार एवं नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का स्थायी समिति सदस्य अग्नि सापकोटा विरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ । सापकोटालाई सभामुख बनाउन थालिएको प्रक्रिया रोक्न माग गर्दै शुक्रबार सर्वोच्चमा रिट परेको हो । वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले सापकोटाविरूद्ध हत्या मुद्दा सर्वोच्च अदालतमा विचाराधीन भएकाले उनलाई सभामुख बनाउन थालिएको प्रक्रिया रोक्न, घटनाको अनुसन्धान गर्न र सापकोटालाई पक्राउ गर्न माग गर्दै रिट हालेका हुन् । उक्त रिटको सुनुवाइ आइतबारका लागि तोकिएको छ ।

वरिष्ठ अधिवक्ता त्रिपाठीका अनुसार रिटमा अदालतबाट ५ वटा विषयमा आदेश माग गरिएको छ । सापकोटालाई पक्राउ नगर्ने प्रहरी अधिकारीलाई कारवाही गर्न र सापकोटाको विषयमा विशेष छानविन समिति बनाउने आदेश दिन पनि रिटमा माग गरिएको छ ।

प्रतिनिधिसभाको सभामुखका लागि माघ ७ गते उम्मेदवारी दर्ता भएको थियो । सभामुखमा सापकोटाको मात्र उम्मेदवारी परेपछि उनलाई १२ गते सभामुख निर्वाचित भएको घोषणा हुँदैछ । सापकोटालाई हत्याको आरोप लगाइएको जाहेरीमा अनुसन्धान गर्न आदेश माग गर्दै दिइएको रिट सर्वोच्चको संवैधानिक इजलासमा विचाराधीन छ । उनीमाथि २०६२ सालमा तात्कालिन माओवादीको अपहरणमा परेका काभ्रे छत्रेबाँझका अर्जुन लामाको हत्या गरेको आरोप छ। अपहरण गरेर लगिएका लामाको शव दुई महिनापछि गाडिएको अवस्थामा काभ्रे बुढाखानीमा फेलापरेको थियो ।

लामाको हत्यामा सापकोटा र पूर्वराज्यमन्त्रीसमेत रहेका सूर्यमान दोङको संलग्नता रहेको भन्दै लामाकी श्रीमती पूर्णिमाया लामाले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिएकी थिइन् । सो जाहेरी दरखास्तलाई प्रहरीले दरपीठ गरेको थियो। सत्यनिरूपण तथा मेलमिलाप आयोगमा पठाउनुपर्ने भन्दै प्रहरीले दरपीठ गरिदिएपछि लामा सर्वोच्च गएकी थिइन् । लामाको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले जाहेरी दर्ता गर्न प्रहरीलाई आदेश गरेको थियो। आदेशपछि प्रहरीले जाहेरी दर्ता गऱ्यो ।

अदालत जाहेरी दर्ता गर्न मात्र भनेन, सापकोटालाई पक्राउ गर्न सिन्धुपाल्चोक प्रहरीलाई चिठी समेत काटेको थियो । यसैबीच तत्कालिन प्रधानमन्त्री झलनाथ खनालले सापकोटालाई मन्त्री नियुक्त गरेका थिए। उनको नियुक्ति विरूद्ध मानवअधिकारवादीहरूले सर्वोच्चमा रिट दायर गरेका थिए। सर्वोच्चले उनलाई मन्त्री नबनाउन आदेश त गरेन तर १५ दिनमा अनुसन्धानको रिपोर्ट अदालतमा पेश गर्न आदेश गरेको थियो । बाबुराम भट्टराईको मन्त्रिपरिषदले सापकोटाविरूद्धको जाहेरी दरखास्त र सर्वोच्चको आदेश समेत तामेलिमा राख्ने निर्णय गरेको थियो । भट्टराईमन्त्रिपरिषदको निर्णय बदर गर्न माग गर्दै लामाले सर्वोच्चमा फेरी रिट दायर गरेकी थिइन्। उक्त रिटको सुनुवाई गर्दै सर्वोच्चले भट्टराई मन्त्रिपरिषदको उक्त निर्णयलाई अन्तरिम आदेशले रोकेको थियो ।

सापकोटाको मुद्दामा अनुसन्धान गरेर रिपोर्ट बुझाउन अदालतले गरेको आदेश प्रहरीले कार्यान्वयन नगरेको भन्दै अधिकारकर्मी सुशील प्याकुरेलले तीनवर्षअघि प्रहरी बाँकी पृष्ठ २ मा

## ‘सापकोटामाथि कुनै मुद्दा छैन’



नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले पार्टी नेता अग्नि सापकोटामाथि कुनै मुद्दा नरहेको दाबी गरेका छन् । शुक्रबार चितवनमा पत्रकारहरुसँग कुरा गर्दै अध्यक्ष प्रचण्डले सापकोटामाथि मुद्दा छ भनेर गरिएको प्रचार असत्य भएको बताएका हुन् ।

प्रतिनिधिसभाको सभामुख पदमा नेकपाबाट सिफारिस भई मनोनयन दर्ता गरेका सापकोटा विरुद्धमा मुद्दा भएको सन्दर्भमा सोधिएको प्रश्नमा दाहालले भने, ‘मैले पटकपटक भनिरहेको छु, अग्नि सापकोटामाथि कुनै मुद्दा छैन । सिङ्गै संसद्ले उहाँलाई स्वीकार गरिसकेको छ । उहाँको पक्षमा राष्ट्र एक ठाउँमा उभिइसक्यो, यो विषयलाई अनावश्यकरूपमा प्रचार गर्नुको कुनै औचित्य छैन ।’

गृह जिल्ला चितवन केही समययता प्रहरी प्रमुखविहीन भएको सन्दर्भमा सोधिएको प्रश्नमा उनले सरकारले आफ्नो अनुकूलतामा प्रहरी प्रमुख पठाउने बताए । प्रहरी नायब उपरीक्षकले राम्रै काम गरिराखेको भन्दै उनले प्रश्न गरे, ‘यहाँ सुरक्षा खतरा पैदा भएको छ र ? मलाई त केही भएजस्तो लागेको छैन ।’ प्रहरी प्रमुख को आउछ भन्ने कुरा सरकारले नै भन्ने उनको भनाइ थियो ।

## सापकोटालाई सभामुख बनाउँदा राजीनामा



हत्या आरोपित अग्नि सापकोटालाई सभामुख बनाउन लागेको भन्दै राष्ट्रपति विद्यादेवी भण्डारीको सल्लाहकार पदबाट सुशील प्याकुरेलले राजीनामा दिएका छन् । प्याकुरेलले संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई मजबूत बनाउन संविधानले परिकल्पना गरेको लोकतान्त्रिक मूल्य, मान्यता र कानूनी सर्बोच्चताको अक्षरशः कार्यान्वयनका लागि शासकीय मामिलासम्बद्ध औपचारिकताको परिधीभन्दा बाहिर अझ बढी सक्रियतापूर्वक सहभागिता जनाउनुपर्ने अनुभूत गरेर आफूले राजीनामा दिएको बताएका छन् ।

प्याकुरेलले पछिल्लो समय सापकोटालाई सभामुख चयन गर्ने नेकपाको निर्णयप्रति आपत्ति जनाउँदै आएका थिए । झलनाथ खनाल प्रधानमन्त्री हुँदा मानव अधिकारवादीका तर्फबाट प्याकुरेल लगायतले सापकोटाविरुद्ध मुद्दा दायर गरेका थिए । प्याकुरेलसँगै पत्रकार तथा प्रकाशक कनकमणि दीक्षित पनि जोडिएका थिए । उनले दायर गरेको रिटमा फैसला भइसकेको छैन । मानवअधिकार क्षेत्रमा क्रियाशील प्याकुरेललाई २०७४ चैत ९ गते राष्ट्रपतिले आफ्नो सल्लाहकार पदमा नियुक्त गरेकी थिइन् ।

# कांग्रेसमा सहमति

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० माघ



प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसभित्रको आन्तरिक विवाद समाधान भएको छ । संस्थापन पक्षसँग असन्तुष्ट रहँदै आएका वरिष्ठ नेता रामचन्द्र पौडेल समूहले १४ औं महाधिवेशनको कार्यतालिका स्वीकारेपछि विवाद समाधान भएको हो । शुक्रबार सभापति शेरबहादुर देउवा निवासमा बसेको कांग्रेस शीर्ष नेताहरुको बैठकमा पौडेल समूह १४ औं महाधिवेशनको कार्यतालिका स्वीकारेर अगाडि बढ्न तयार भएको उपसभापति विमलेन्द्र निधिले जनाएका छन् ।

गत पुस ११ गते सभापति देउवाले पौडेल समूहको बहिष्कारकाबीच केन्द्रीय कार्यसमिति बैठकको बहुमतबाट १४ औं महाधिवेशनको कार्यतालिका सार्वजनिक गरेका थिए। पौडेल समूहले गत मंसिर २६ गतेदेखि केन्द्रीय कार्यसमिति बैठक बहिष्कार गर्दै आएको थियो । सो समूहको वहिष्कारकाबीच केन्द्रीय समितिले २०७७ फागुन ७-१० सम्म महाधिवेशन गर्ने, पार्टी विभागको संख्या २८ बाट बढाएर ४७ बनाउने, भ्रातृसंस्था तरुण दल र नेविसंघको म्याद ६ महिना थप गर्ने लगायतका निर्णय गरेको थियो। आफूहरुको बहिष्कारकाबीच महाधिवेशनको कार्यतालिका सार्वजनिक भएपछि पौडेल समूह असन्तुष्ट रहँदै आएको थियो ।

शुक्रबारको बैठकले महाधिवेशन कार्यतालिका र तरुण दलको म्याद थपको निर्णय यथावत राख्दै नेविसंघको विषयमा भने सहमतीय आधारमा निर्णय लिने सहमति गरेको कांग्रेसका केन्द्रीय सदस्य रमेश लेखकले जानकारी दिए । उनले भने, ‘पार्टीमा देखिएको विवाद समाधान भएको छ । महाधिवेशन र तरुण दलको म्याद थप गर्ने निर्णय यथावत राख्दै अन्य विषयमा सहमतीय आधारमा निर्णय गर्ने सहमति बन्यो ।’ बैठकमा महाधिवेशन तोकिएकै समयमा गरिने सहमति भए पनि मातहतका कमिटीको अधिवेशनको कार्यतालिका भने हेरफेर गर्न सहमति भएको छ ।

लेखकका अनुसार शुक्रबारको शीर्ष नेताहरुको छलफलमा कार्यतालिका मिचिएको र विधान निलम्बन भएको विषयमा आपसी सहमतिका आधारमा संशोधन गर्ने सहमति बनेको छ । यसैबीच कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठक माघ १३ गते सोमबार बस्ने भएको छ । यसअघि गरिएका निर्णयहरु र शुक्रबारको बैठकका निर्णयहरु पनि अनुमोदन गर्नका लागि केन्द्रीय कार्यसमिति बैठक बोलाइएको हो ।

# नेपालमा पनि कोरोना

**मध्यान्ह संवाददाता**
काठमाडौं १० माघ



चीनबाट फर्किएका एक नेपालीमा कोरोना भाइरसको संक्रमण देखिएको छ । स्वास्थ्य मन्त्रालयले शुक्रबार पत्रकार सम्मेलन गरी नेपालीमा पनि कोरोना भाइरस फेला परेको जानकारी दिएको हो । चीनको उहान सहरबाट हालसालै नेपाल फर्किएका एक विद्यार्थीमा यो भाइरस देखिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार उनको उपचारसमेत भइसकेको छ। बिहीबार उनको रिपोर्ट सार्वजनिक भएको मन्त्रालयले जनाएको छ । उनी १३ जनवरीमा उपचारका लागि आएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

जनवरी ९ मा नेपाल आएका ती विद्यार्थीमा रुघाखोकीको समस्या देखिएको थियो । स्वास्थ्य मन्त्रालयका अनुसार उनी जनवरी १३ मा उपचार गर्न अस्पताल पुगेका थिए । उनको रिपोर्ट यहाँ चेक गर्दा राम्रै देखिएको भए पनि थप शंका लागेर हङकङ पठाइएको थियो। बिहीबार हङकङबाट आएको रिपोर्टमा कोरोना भाइरस देखिएको पुष्टि भएको थियो । स्वास्थ्य मन्त्रालयका प्रवक्ता महेन्द्र श्रेष्ठले दिएको जानकारीअनुसार उनी अहिले ठीक भइसकेका छन् । पहिलो पटक चीनको वुहान प्रान्तमा फेला परेको कोरोना भाइरसबाट २६ जनाको मृत्यु भइसकेको छ। यसबाट वुहान प्रान्तमा करिब एकहजार संक्रमित रहेको चिनियाँ सञ्चारमाध्यमहरुले जनाएका छन्। दक्षिण कोरिया, थाइल्याण्ड, जापान, अमेरिका र ताइवानमा पनि कोरोना भाइरसका संक्रमित फेला परेका छन् ।

चीन सरकारले वुहान प्रान्तमा आवातजावतमा पनि प्रतिबन्ध लगाइएको छ। सरकारले कोरोना भाइरस संक्रमितको उपचारका लागि छुट्टै अस्पताल बनाइरहेको छ । चीनसँग सिमाना जोडिएको नेपालमा पनि बाँकी पृष्ठ २ मा

# मनाङेबाट कुटिएका गुरुङ पनि पक्राउ

**मध्यान्ह संवाददाता**
पोखरा, १० माघ

नेकपाका गण्डकी प्रदेश सांसद दीपक मनाङेबाट कुटिएका नेपाल फुटबल संघ कास्कीका अध्यक्ष मिलन गुरूङ पनि पक्राउ परेका छन् । ठगी तथा बैंकिङ कसुरको जाहेरी परेपछि गुरूङलाई शुक्रबार पक्राउ गरिएको कास्की प्रहरीले जनाएको छ। गुरूङविरूद्ध बिहीबार जिल्ला प्रहरी कार्यालय कास्कीमा ठगी र बैंकिङ कसुरको जाहेरी परेको थियो । जाहेरी परेपछि मिलनलाई बिहीबारै प्रहरीले अदालतसँग पक्राउ अनुमति मागेको प्रहरी उपरीक्षक दानबहादुर कार्कीले बताए ।

मनाङेलाई जिल्ला प्रशासन कार्यालय कास्कीले दुई दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी रमेश केसीले शुक्रबार मनाङेलाई दुई दिन थुनामा राख्न अनुमति दिएका हुन् । मनाङेविरूद्ध प्रहरीले केही सार्वजनिक अपराध अन्तर्गत अनुसन्धान गरिरहेको छ ।

यता प्रहरी हिरासतमा रहेका मनाङेले आफू सफल भएको बताएका छन् । जिल्ला प्रशासन कार्यालयले अनुसन्धानका लागि दुई दिन हिरासतमै राख्न म्याद थप गरेपछि पत्रकारहरूलाई संक्षिप्त प्रतिक्रिया दिँदै उनले सो कुरा बताएका हुन् । ‘जुन बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगार बचतपत्रको बिक्री खुला

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० माघ

नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगारीमा गएका नेपालीलाई लक्षित गरी वैदेशिक रोजगार बचतपत्रको बिक्री खुला गरेको छ । बैंकले शुक्रवार एक सूचना मार्फत यस पटक ४० करोड रुपैयाँको वैदेशिक रोजगार बचतपत्र बिक्री खुला गरेको हो । पाँच वर्षमा परिपक्व हुने यो बचतपत्रमा लगानी गर्नेले वार्षिक १० प्रतिशतको दरमा प्रत्येक ६ महिनामा व्याज भुक्तानी लिन सक्ने बताइएको छ । व्याज बचतकर्ता स्वयं वा इच्छाएको व्यक्तिले लिन पाउने छ ।

वैदेशिक रोजगार बचतपत्र २०८१ क, ख, ग नाम दिइएको बचतपत्र खरिद गर्न आगामी चैत २१ गतेसम्म आवेदन दिन सकिने बैंकले जनाएको छ । बचतपत्रको साँवा भुक्तानी २०८१ साल माघ २७, फागुन २८ र चैत २७ गते हुने तोकिएको छ । राष्ट्र बैंकले प्रतिफलयुक्त र आकर्षक दावी गरेपनि वैदेशिक रोजगारीमा रहेका नेपाली तथा गैर आवासीय नेपालीबीच बचतपत्रका बारेमा उचित जनचेतनाको अभावका कारण यस तर्फ आकर्षित भने हुन सकेका छैनन् ।

राष्ट्र बैंकका अनुसार बचतपत्र वैदेशिक रोजगारीमा रहेको वा वैदेशिक रोजगारीबाट फर्किएको ६ महिना ननाघेका नेपाली नागरिक वा गैर-आवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्यको नाममा खरिद गर्न पाउने छन् । सूचना अनुसार घटीमा १० हजार रुपैयाँ र बढीमा १० हजार रुपैयाँले भाग गर्दा निःशेष भाग जाने गरी जतिपनि रकमसम्मको बचतपत्र खरिद गर्न सकिने छ। उक्तपत्र धितो राखेर वित्तीय कम्पनीबाट ऋण निकाल्न समेत सकिने बैंकको भनाइ छ ।

वैदेशिक रोजगारीमा गएका कामदारको पूँजी राष्ट्र निर्माणमा लगाउने बचतपत्रको मुख्य उद्देश्य हो । सोही उद्देश्य अनुरुप बैंकले आर्थिक वर्ष २०६६/२०६७ बाट वैदेशिक रोजगार बचतपत्र बिक्री शुरु गरेको हो । आर्थिक वर्ष २०७४/७५ सम्म वैदेशिक रोजगार बचत पत्रको बिक्री जम्मा ५ दशमलव २९ प्रतिशतमा सिमित देखिएको थियो ।

बचत पत्र सिटिजन्स बैंक ,नबिल बैंक, माछापुच्छ्रे बैंक, प्रभु बैंक, सनराइज बैंक, सानिमा बैंक, सिद्धार्थ बैंक, सेञ्चुरी कमर्सियल बैंक, प्रभु मनि ट्रान्सफर, सिटी एक्सप्रेस मनि ट्रान्सफर, आईएमई लिमिटेड र सेवा रेमिटका केन्द्रीय कार्यालय तथा शाखा कार्यालयबाट पनि खरिद गर्न सकिने छ। त्यसैगरी बचतपत्रमा नेपाल बाहिर कतार, साउदी अरब, भारत, यूएई, दक्षिण कोरिया, जापान, मलेसिया, इजरायल, अमेरिका, टर्कीलगायत मुलुकबाट पनि विभिन्न रेमिट सेवाका सम्पर्क कार्यालय मार्फत खरिद गर्न पाउने राष्ट्र बैंकले जानकारी दिएको छ ।




**वैदेशिक रोजगार विशेष**

## कामदारको बीमा शुल्क पनि अनलाइनबाटै

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा जाने कामदारहरूले तिर्ने बीमा बापतको रकम विना अतिरिक्त शुल्क अनलाइन भुक्तानी गर्न पाउने भएका छन् । भुक्तानी सेवा प्रदान गर्ने इ-सेवा, फोनपे र वैदेशिक रोजगार विभागबीच शुक्रबार सम्झौता सम्पन्न भएको छ ।

विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालका अनुसार इ-सेवाले बीमा शुल्कको रकम सम्बन्धित बीमा कम्पनीको बैंक खातामा जम्मा गरिदिनेछ । त्यस्तो रकम प्रत्येक दिन म्यादी बीमा जारी गर्ने कम्पनीले तोकेको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाउने छ ।

इ-सेवाले कामदारको म्यादी बीमा भएको जानकारी वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्ने छ । बीमाको बीमाङ्क रकम भुक्तानी भए नभएको रूजु गर्न पोर्टलको व्यवस्था मिलाउने छ । प्राविधिक कारणले सेवा अवरूद्ध भएको अवस्थामा पनि सो समस्या तत्काल समाधान गर्न दुबै पक्षले पहल गर्ने महानिर्देशक डा. भूसालले बताए ।

अब बीमा कम्पनीहरूले विभागसँग सम्झौता गर्ने वित्तिकै बीमा वापतको रकम इ-सेवाबाट अनलाइन भुक्तानी गर्न सकिनेछ । वैदेशिक रोजगार बोर्डमा जाने कल्याणकारी कोषको रकम पनि इ-सेवाबाट भुक्तानी गर्न सम्झौताको तयारी भइरहेको विभागले बताएको छ । अन्य अनलाइन भुक्तानी प्रदायक संस्थाहरूले पनि आइतबार विभागसँग सम्झौता गर्ने तयारी रहेको विभागले जानकारी दिएको छ ।

हाम्रा हरेक कदमहरू
राष्ट्रिय स्वार्थबाट
प्रेरित हुने संस्कृतिको
विकास गरौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# ‘समृद्ध प्रदेशको एजेण्डामा सबैको एकता आवश्यक’




**सुर्खेत/मस–** ‘शिक्षा स्वास्थ्य र रोजगार, त्यसका लागि पूर्वाधार’ भन्ने मुल नाराका साथ बसेको कर्णाली प्रदेश विकास परिषदको बैठक स्पन्न भएको छ। मुख्यमन्त्री एवं परिषद अध्यक्ष मुख्यमन्त्री महेन्द्रवहादुर शाहीको अध्यक्षतामा प्रदेश राजधानी सुर्खेतमा बसेको बैठक कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको मस्यौदामाथि छलफल गर्दै सम्पन्न भएको हो।

बैठकमा सहभागी परिषद् सदस्यहरुले योजना आयोगले तयार गरेको प्रथम पञ्चवर्षीय योजनाको मस्यौदा मूलभुत रुपमा सही भएपनि अझै बस्तुनिष्ठ बनाउन सुझाव दिएका छन्। प्रदेश योजना आयोगका उपाध्यक्ष प्रा.डा.पुण्यप्रसाद रेग्मीले कर्णाली प्रदेशको पञ्चवर्षीय योजनाको आधारपत्र प्रस्तुत गरेपछि बैठकमा सहभागी परिषद् सदस्यहरुले आधार पत्रका बारेमा आ-आफ्ना सुझाव राखेका थिए। बैठकमा ४३ जना परिषद् सदस्यहरुले सुझाव राखेका थिए।

बैठकमा बोल्दै परिषद् अध्यक्ष एवं मुख्यमन्त्री शाहीले समृद्ध कर्णाली सुखी कर्णालीवासी बनाउने दायित्व सबैको भएको बताए। उनले समृद्ध प्रदेशको एजेण्डामा सबैको एकता आवश्यक भएको बताउँदै रचनात्मक रुपमा अघि वढनुपर्नेमा जोड दिए।

मुख्यमन्त्री शाहीले कर्णालीमा लगानीमैत्री वातावरण बनाउन सरकार गम्भीरतापूर्वक लागेको बताउँदै ५ वर्षमा ११४७ डलर तथा २५ वर्षभित्र प्रतिव्यक्ति आय १२ हजार १ सय डलर पुऱ्याउने लक्ष्यका साथ सरकार अघि वढेको बताए। कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश २०७५ को दफा ७ को प्रावधान बमोजिम गठित प्रदेश विकास परिषद्को शुक्रबार सम्पन्न वैठकमा प्रदेश सरकारका मन्त्रीहरु, कर्णाली प्रदेश सभाका संसदीय दलका नेताहरु, संसदीय समितिका अध्यक्षहरु, प्रदेश योजना आयोगका पदाधिकारी, प्रदेश सरकारका सचिवहरु, कर्णाली प्रदेश भित्रका सबै जिल्ला समन्वय समिति, गाउँपालिका र नगरपालिकाका प्रमुखहरुको सहभागिता रहेको थियो।

## कर्णालीमा ‘प्रदेशस्तरीय सुरक्षा गोष्ठी’

**सुर्खेत/मस–** कर्णाली प्रदेशको सुरक्षा संरचना, अवस्था र आगामी दिनमा अपनाउनुपर्ने सुरक्षा रणनीति तयार गर्ने उद्देश्यले आजबाट प्रदेशस्तरीय सुरक्षा गोष्ठी शुरु भएको छ। गृह मन्त्रालय र कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा संयुक्त रुपमा आयोजित उक्त दुईदिने गोष्ठीमा यो प्रदेशअन्तर्गतका सबै जिल्लाको सुरक्षा अवस्था प्रस्तुत हुनुका साथै आगामी दिनमा अपनाउनुपर्ने सुरक्षा रणनीतिका सम्बन्धमा छलफल हुनेछ।

‘गोष्ठीमा यहाँको शान्तिसुरक्षा, अपराध नियन्त्रण र चुनौतीका विषयमा छलफल तथा अन्तर्क्रिया हुनेछ,’ गृह मन्त्रालयका सह प्रवक्ता उमाकान्त अधिकारीले भने, ‘यसमा महाशाखागत र विभागीय प्रस्तुति हुनेछन्।’

उनले शान्तिसुरक्षा र सुशासनका विषयमा अन्तरक्रिया भइरहेको उल्लेख गर्दै नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रहरी महानिरीक्षकहरुले विपद् जोखिम र शान्तिसुरक्षाकै विषयमा प्रस्तुति राख्ने बताए।

सहप्रवक्ता अधिकारीले भने, ‘मन्त्रालय तथा महाशाखा, व्यवस्थापन, प्रशासन महाशाखाका प्रमुखहरुले विषयगत क्षेत्रको प्रस्तुति राख्नुहुनेछ। संघ, प्रदेश र स्थानीय तहसँग समन्वय बढाउन र सुरक्षा सुदृढीकरण गर्न सहयोग पुग्ने अपेक्षा गोष्ठीको छ।’

# ‘शहीदकै योगदानले गणतन्त्र’



**काठमाडौं/मस-** शासकीय शक्ति जनताका हातमा पुऱ्याउन बलिदानी दिने शहीदको योगदानका कारण नेपालमा गणतन्त्र ल्याउन सफल भएकामा वक्ताहरुले जोड दिएका छन्। काठमाडौं महानगरपालिकाले आयोजना गरेको शहीद सप्ताह कार्यक्रमअन्तर्गत पहिलो दिन शुक्रबार शहीद शुक्रराज शास्त्रीलाई प्राणदण्ड दिइएको स्थान टेकु पचलीमा श्रद्धाञ्जलिसभाका सहभागीले उक्त धारणा राखेका हुन्।

महानगरपालिका प्रमुख विद्यासुन्दर शाक्यले दलको कुरा गर्न नपाइने समयमा ज्यानको ख्याल नगरी प्रजातन्त्रका पक्षमा ज्यान आहुति दिने शहीदहरुको योगदान सबैका लागि मार्गदर्शक रहेको बताए। प्रजातन्त्र प्राप्तिका लागि ज्यानदण्ड पाएका चार शहीदको पूर्णकदको शालिक स्थापना गर्ने क्रममा यस वर्ष महानगरले धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र दशरथ चन्दको शालिक प्रतिस्थापन गर्दैछ। गत वर्ष माघ १० गते टेकु पचलीस्थित खरीबोटमुनि आयोजना गरिएको श्रद्धाञ्जलिसभामा शुक्रराज शास्त्रीको शालिकको अनावरण गरिएको थियो।

राणा शासनविरुद्ध लागेको भन्दै शास्त्रीलाई विसं १९९७ माघ १० गते टेकु पचलीस्थित खरीबोटमा र माथेमालाई सिफल उकालोमा बकाइनाको रुखमा झुण्ड्याएर प्राणदण्ड दिइएको थियो। त्यस्तै श्रेष्ठ र चन्दलाई शोभा भगवतीमा गोली हानेर प्राणदण्ड दिइएको थियो। शास्त्री विसं १९५० वनारसमा जन्मिएका थिए।

वडा नं १२ ले रु १० लाख खर्च गरेर पित्तलको साढे पाँच फिट अग्लो शास्त्रीको पूर्णकदको शालिक राखेको छ। शास्त्रीलाई खरीबोटको उत्तर मोहडामा झुण्ड्याइएको थियो। यो शालिक महेश तुलाधरले चार महिना लगाएर तयार पारेका हुन्। शास्त्रीको श्रद्धाञ्जलिसभा भएको यो स्थानलाई विसं २०३५ मा तत्कालीन काठमाडौं नगर पञ्चायतले शिलालेख राखी संरक्षण शुरु गरेको हो।

शहीद सप्ताहका बाँकी कार्यक्रममा यही माघ १३ गते सिफलमा शहीद माथेमाले अमरत्व प्राप्त गरेको स्थानमा र माघ १५ गते शोभा भगवतीमा शहीद श्रेष्ठ र चन्दले अमरत्व प्राप्त गरेको स्थानमा श्रद्धाञ्जलिसभा गरिनेछ। त्यस्तै माघ १६ गते शहीद स्मारक लैनचौरमा ज्ञात अज्ञात शहीदप्रति श्रद्धाञ्जलिसभा गरिनेछ। महानगरपालिकाले विसं २०१२ देखि शहीद सप्ताह मूल समारोह समिति गठन गरी मनाउन थालेको हो।

# पर्यटनमन्त्रीद्वारा टरिगाउँ विमानस्थलको अनुगमन

**दाङ/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले दाङको तुलसीपुरस्थित टरिगाउँ विमानस्थलको आज स्थलगत अनुगमन तथा अवलोकन गरेका छन्।

सो क्रममा तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले विमानस्थलका बारेमा जानकारी गराउँदै ७५० मिटर लम्बाइ रहेको उक्त विमानस्थललाई एक हजार २०० मिटर बनाउन पर्याप्त जमिन भएकाले यसको स्तरवृद्धि गर्न कुनै कठिनाइ नभएको बताए।

उनले उक्त विमानस्थल नियमित सञ्चालनमा आएपछि यात्रुको चाप बढेको भन्दै विमानस्थलको स्तरवृद्धि गरेर ठूलो विमान ल्याएमा सहज हुने बताए। टरिगाउँ विमानस्थल वातावरणीय हिसाबले पनि उत्तम रहेको भन्दै उनले अहिले विमानस्थलमा इन्धन डिपो र ब्राउजर आवश्यक रहेको जानकारी दिए।

प्रमुख पाण्डेले दाङमात्रै नभई, सल्यान, रुकुमपूर्व, रुकुमपश्चिम, रोल्पा, प्यूठान, जाजरकोट, सुर्खेतलगायतका करिब १० लाख मानिसलाई यो विमानस्थलबाट सेवा प्रवाह गर्न सकिने बताए।

सो अवसरमा मन्त्री भट्टराईले यस वर्ष टरिगाउँ विमानस्थलको स्तरवृद्धिका लागि बजेट विनियोजन भएको बताए। आगामी वर्ष पनि विमानस्थल विस्तारका लागि बजेट विनियोजन गर्ने प्रतिबद्धता उनले व्यक्त गरे।

# श्रीमान विदेशमा, अर्कैको गर्भ बसेपछि श्रीमती प्रहरी खोरमा



**डडेल्धुरा/मस–** अवैध गर्भपतन गर्ने २ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा जिल्लाको नगरपालिका अमरगढी-५ की २२ वर्षीय हरिना भट्ट र वडा नम्बर ४, तल्लो खलंगा घर भई हाल अमरगढी नगरपालिका-५, बागबजार बस्ने ३६ वर्षीय डम्बरबहादुर रावल रहेको प्रहरीले जनाएको छ।

अवैध गर्भपतन गरेको अभियोगमा परेको जाहेरीका आधारमा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय डडेल्धुराका प्रहरी नायव उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए।

महिलाको परिवारबाट प्रहरीमा जाहेरी परेपछि उनीहरूलाई पक्राउ गरिएको हो। पक्राउ परेका दुबै विवाहित हुन्। पक्राउ परेकी महिलाका श्रीमान वैदेशिक रोजगारीको शिलसिलामा विदेशमा छन्।

गर्भपतनसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी डडेल्धुरा जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ।

# उपराष्ट्रपति पुन क्रुजमा सरर



**चितवन/रासस–** नारायणी नदीमा सञ्चालनको तयारीमा रहेको क्रुज (सानो पानीजहाज)मा आज उपराष्ट्रपति नन्दकिशोर पुनले परीक्षण शयर गरेका छन्। क्रुजको निरीक्षणपछि नारायणी नदीमा केही समय उपराष्ट्रपति पुनसहितको टोलीलाई क्रुजमा यात्रा गराइएको थियो। भरतपुर महानगरपालिका-१६ स्थित काभ्रेघाटमा नदी किनारमा क्रुज निर्माण कार्य अन्तिम चरणमा पुऱ्याइएको छ। औपचारिक शुभारम्भअघि नै उपराष्ट्रपति पुनलाई परीक्षण शयर गराइएको हो। सो अवसरमा पुनकी धर्मपत्नी हस्तमाया पुनसहित उपराष्ट्रपतिको सचिवालयका कर्मचारीहरु पनि सहभागी थिए।

क्रुजको निरीक्षण र शयरपछि उपराष्ट्रपति पुनले खुशी व्यक्त गर्दै राम्रो कार्यको थालनी भएको प्रतिक्रिया दिए। पत्रकारको प्रश्नमा उनले भने, ‘राम्रो छ। राम्रो भइरहेको छ। अन्य कुरा पछि भनौंला।’ उपराष्ट्रपति पुनलाई क्रुज निर्माण गरिरहेको राइनो वाटर इन्टरटेन्टमेन्ट प्रालिका प्रवन्ध निर्देशक रामचन्द्र कँडेलले क्रुजका बारेमा जानकारी गराएका थिए।

कँडेलका अनुसार क्रुज निर्माणको काम अन्तिम चरणमा पुगेको छ। आगामी वैशाख महिनाभित्रमा क्रुजलाई नियमित सञ्चालनमा ल्याउने तयारी गरिएको छ। क्रुजको भुइँतल्लामा ९०, पहिलो तल्लामा १०० जना बस्न मिल्ने सिट रहने छन्। कँडेलका अनुसार पहिलो तल्लाको अगाडिपट्टि र दोस्रो तल्लाको खुला ठाउँमा १५ जना उभिन मिल्ने छ भने पहिलो तल्लामा १० वटा विशिष्ट व्यक्तिका लागि कुर्चीं राखिने छ। क्रुज १०० फिट लम्बाइ र २५ फिट चौडाइको हुनेछ।

क्रुजमा बिहानको खाजा खाँदै नदीमा शयर गर्न चाहनेले त्यसको मज्जा लिनेछन्। अपराह्न खाना नै क्रुजमा खाँदै रमाउन चाहनेका लागि दिवा खाना नै क्रुजमा हुनेछ र साँझमा डिनर क्रुज हुने कँडेलले बताए।


# दिप फाउन्डेशनद्वारा कपडा र मिठाई वितरण

**सिरहा/मस–** दिप फाउन्डेन्शनले सिरहा नगरपालिका वडा नं. १९ सन्हैठाको मुसहर वस्तीमा कपडाको अभावमा रहेका दलित परिवारलाई शुक्रबार कपडा तथा मिठाई वितरण गरेको छ। चिसो बढेसँगै कपडाको अभावमा रहेका दलित परिवारलाई सहयोग गर्ने तथा न्यानो कपडा पुऱ्याउने उद्देश्यले करिब एक महिना पहिला उक्त फाउन्डेशनले सिरहामा कपडा बैंक स्थापना गरिएको थियो।

सोही कपडा बैंकमा विभिन्न व्यक्ति, व्यापारी, कर्मचारी लगायत विभिन्न संघ संस्थामार्फत संकलित कपडा तथा बमबम स्वीर्टस सिरहाले उपलब्ध गराएको मिठाई सिरहा नगरपालिका वडा नं. १९ सन्हैठा स्थित मुसहर बस्तीमै पुगेर फाउन्डेशनले कपडा र मिठाई वितरण गरेको हो।

उक्त वितरण कार्यक्रममा दिप फाउन्डेशन सिरहाका अध्यक्ष तथा सञ्चारकर्मी सुरेन्द्र कुमार कामती, कार्यकारी निर्देशक जितेश कर्ण, सचिव दिपेन्द्र कुमार यादव, सहसचिव तथा सामुदायीक सेवा केन्द्र सिरहाका सचिव शम्भु साह, कोषाध्यक्ष अरुण गुरमैता, समाजसेवी सोनु कुमार महरा, मध्यान्ह दैनिकका जिल्ला संवाददाता तथा अपन दैनिकका प्रकाशक सम्पादक शुभ नारायण कामती, प्रधान सम्पादक अनिरुद्र ठाकुर लगायत स्थानीय बुद्धिजिवी, समाजसेवी, विभिन्न राजनितीक दलका प्रतिनिधि लगायतको उपस्थितिमा कपडा र मिठाई वितरण गरेको फाउन्डेशनका कार्यकारी निर्देशक जितेश कर्णले बताए।

# ‘च्याम्पियन्स बुक अफ वर्ल्ड रेकर्डस्’को सद्भावना दूतमा कार्की




**काठमाडौं/मस–** नेपाली युवा चित्रकुमार कार्की ‘च्याम्पियन्स बुक अफ वर्ल्ड रेकर्डस्’को सद्भावना दूत नियुक्त भएका छन्। सन् २०११ देखि उल्टो मोटरसाइकल चलाएर चर्चामा आएका उदयपुर त्रियुगा नगरपालिकाका कार्कीलाई ‘च्याम्पियन्स बुक अफ वर्ल्ड रेकर्डस्’ जनवरी ३ तारिखमा सद्भावना दूत नियुक्त गरेको हो।

सन् २०११ देखी उल्टो मोटरसाइकल चलाएर ‘शान्ति र संविधान युवाको अभियान, भ्रष्टाचारमुक्त राष्ट्र निर्माण गरौं, पर्यटकलाई आकर्षित गरौं’ भन्ने नारा बोकेर उनले यात्रा गरेका थिए। उल्टो मोटरसाइकल यात्रा गरेर विश्व कीर्तिमान राखिसकेका कार्कीले जम्मा चार वटा विषयमा कीर्तिमान राखेका छन्।

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म उल्टो मोटरसाईकलको यात्रा गरेर कार्कीले सन् २०११मा विश्व कीर्तिमान राखेका हुन्। उनी २०७३ का लागि ‘वर्ष साहसिक युवा प्रतिभा’ पुरस्कारबाट सम्मानित भइसकेका छन्। त्यस्तै, कार्कीलाई ‘रौता एकता समाज’ र ‘नेपालटार एकता समाजले’ पनि उनलाई सम्मान गरिसकेको छ।

# ‘चिति साहित्य समाज’को ८औं वार्षिकोत्सव माघ १५मा




**लमजुङ/मस–** चिति साहित्य समाजको ८औं वार्षिकोत्सव यही माघ १५ गते हुने भएको छ। लमजुङको बेसीशहर नगरपालिका वडा नं ११ स्थित चिति तिलाहारमा हुने कार्यक्रममा वरिष्ठ साहित्यकार एवं कवि डा.बम बहादुर ‘जिताली’को प्रमुख आतिथ्यता रहने समाजका अध्यक्ष स्थिर घिमिरेले जानकारी दिएका छन्।

कार्यक्रममा जिल्लाका अन्य साहित्यकारहरुको समेत सहभागिता रहने अध्यक्ष घिमिरेले बताए। वार्षिकोत्सवको अवसरमा माध्यमिक विद्यालय स्तरीय कविता प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिता समेत आयोजना गरिने भएको छ।

२०६८ सालमा स्थापना भएको समाजले लमजुङको चितिमा साहित्य संरक्षणमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। साहित्य समाजले प्रत्येक वर्ष साउनमा बोलबम यात्रा अभियान तथा विभिन्न साहित्यिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको समाजका अध्यक्ष घिमिरेले बताए।

# नेकपाद्वारा मेयरको घर तोडफोड प्रयासको भर्त्सना

**कञ्चनपुर/मस–** सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कञ्चनपुरले टिपरको ठक्करबाट युवतीको मृत्यु भएको घटनालाई लिएर भीमदत्त नगरपालिकाका नगर प्रमुख सुरेन्द्र विष्टको घरमा गरिएको तोडफोड प्रयासको भत्सर्ना गरेको छ।

नेकपा जिल्ला कमिटी अध्यक्ष बीरबहादुर थापा र सचिव तारालामा तामाङ्गले शुक्रबार विज्ञप्ति जारी गर्दै सवारी दुर्घटनालाई लिएर नगर प्रमुख विष्टको घर तोडफोड प्रयास र हुलहुज्जत गर्ने कार्यको भर्त्सना गरी खेद व्यक्त गरेका हुन्।

विज्ञप्तिमा नगर प्रमुख विष्टको घरमा तोडफोडको प्रयास गरिएको घट्नाको छानविन गरी संलग्नहरुलाई कानुनी दायरामा ल्याउन माग गरिएको छ।

‘मिति २०७६ माघ ९ गते भीमदत्त नगरपालिका मेयर सरेन्द्र विष्टको महेन्द्रनगरको गोल मार्केट नजिक घरमा भएको ढुंगामुडा र तोडफोडको प्रयास प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ। सडक दुर्घटना जस्तो नितान्त फरक घटनालाई लिएर नगर प्रमुखको निजि निवासमा हुलहुज्जत गर्न जानु कुनै पनि अवस्थामा सह्य हुने विषय होइन’ विज्ञप्तिमा भनिएको छ, ‘त्यस्तो अराजक घटनाप्रति हामी खेद व्यक्त गर्दछौं। त्यस्तो निन्दनिय घटनाको तत्काल छानविन गरी दोषीहरुलाई कानुनी दायरामा ल्याउन र शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन हामी सम्बन्धित निकायको ध्यानाकर्षण गराउँछौं।’

नेकपा कञ्चनपुरले दुर्घटनामा ज्यान गुमाएकी बैतडीको दशरथ चन्द नगरपालिका-१ गुरुखोलाकी २० वर्षीया रमिता भट्ट निधनप्रति दुःख व्यक्त गर्दै दोषीमाथि कारवाही र पीडित परिवारलाई क्षतिपूर्ति दिन माग गरेको छ।

सवारी दुर्घटनामा न्यूनीकरणका लागि सवारी साधनको चाप हुने स्थानमा सवारी सञ्चालनका लागि समय निर्धारण गर्न समेत माग गरिएको छ। ‘घटनाबाट पाठ सिक्दै बढी सवारी चाप हुने स्थानमा ठूला सवारी साधन सञ्चालन गर्ने समय निर्धारण गरी दुर्घटनाको जोखिम घटाउन सम्बद्ध निकायसंग जोडदार माग गर्दछौं’ विज्ञप्तिमा भनिएको छ।

## नेपालमा..

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा चीनबाट आएका नागरिकको स्वास्थ्य परीक्षण गर्ने हेल्प डेस्क राखिएको स्वास्थ्यमन्त्रालयले जनाएको छ।

वैज्ञानिकहरुका अनुसार यो नयाँ किसिमको कोरोना भाइरस हो। विश्व स्वास्थ्य संगठनका वैज्ञानिकले नयाँ कोरोना भाइरसलाई ‘२०१९-एन सिओभी’ नाम दिएका छन्। यसको आकारबाटै नामाकरण ‘कोरोना भाइरस’ भएको हो। जुन इलेक्ट्रोन माइक्रोस्कोपबाट यसको आकार खिच्दा यो सोलारको रुपमा देखिन्छ। सोही कारण पनि यसलाई कोरोना भाइरस भनिएको बताइन्छ। कोरोना भाइरस प्रारम्भिक चरणमा हावाबाट सर्छ। चरा र स्तनधारी जनावरको स्वासप्रस्वासबाट यो एकअर्कामा सर्ने गर्छ। यसको अधिकांश संक्रमणका बेला सामान्य ‘फ्लू’ जस्तै लक्षण देखिन्छ। यसको संक्रमणबाट ज्वरो आउने, खोकी लाग्ने, स्वासप्रस्वास छिटोछिटो हुने, स्वास फेर्न कठिन हुँदै निमोनिया समेत हुनथाल्ने लक्षण देखिन्छ।

यता, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तगर्तको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा प्रमुख विवेक लालले चीनमा देखिएको कोरोना भाइरस नेपाल छिर्नबाट रोक्न सबै पर्यटकहरुमा स्वास्थ्य परीक्षणका लागि विमानस्थलमा हेल्थ डेस्क सञ्चालनमा ल्याएको बताए। उनले भने,‘यो भाइरसबाट बच्न नेपालले पनि सतर्कता अपनाएको छ। हेल्थ डेस्कको माध्यमबाट प्रभावित राष्ट्रबाट आएका मानिसहरुको विवरण संकलन भइरहेको छ।’

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका चिकित्सक डा. शेरबहादुर पुनले कोरोना भाइरसको संक्रमण भएमा ज्वरो, खोकी तथा स्वासप्रश्वासमा समस्या देखिने बताए। उनले भने, ‘यस भाइरसको संक्रमणपछि ज्वरो, खोकी तथा स्वासप्रश्वासमा समस्या देखिनुका साथै संक्रमित व्यक्तिले हाछ्युँ गर्दा खोक्दा थुक्दा र खकारमार्फत एकबाट अर्को व्यक्तिमा समेत सर्ने हुन्छ।’ शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल टेकुका विशेषज्ञ डा. अनुप बास्तोलाले कोरोना भाइरसका विभिन्न प्रजाति हुने बताउँछन्। चीनमा देखिएको नयाँ प्रकारको कोरोना भाइरस भएको र हालसम्म नेपालमा यस्तो भाइरस नदेखियको उनले बताए।

## सकसमा...

विरूद्ध अदालतको अवहेलना मुद्दा दायर गरेका थिए। लामाले दिएको रिटको अन्तिम सुनुवाई र प्याकुरेलको अवहेलना मुद्दालगायत सापकोटाका मुद्दालाई एकै साथ राखेर संवैधानिक इजलासले सुनुवाई गरिरहेको छ। यसअघि उक्त इजलासले सापकोटाविरूद्ध सत्यनिरूपण तथा मेलमिलाप आयोगमा मुद्दा परेको भए त्यसको मिसिल पठाउन आदेश गरेको थियो। संवैधानिक इजलासले सापकोटाको मुद्दामा माघ २२ लाई पेशी तोकेको छ।

## मनाङेबाट...

चिजलाई मैले भिडेथें, त्यो केस सक्सेस भयो, त्यो ठगलाई बल्ल समात्न थाल्यो’, उनले भने, ‘अब यो ठगको मुद्दा आउँदैछ, जुन चिजलाई मैले लडेथें अब सक्सेस त भयो नि कमसेकम।’ ‘१० वर्ष भएछ यसले पोखरामा एकलौटी ठग्दै बसेको, कसैले केही मुद्दा हाल्न नसक्ने यसलाई’, मनाङेले भने, यति ठूलो डन रहेछ यो, खतरनाक नै रहेछ।’

# निगममा विवाद

**काठमाडौं/मस–** नेपाल वायु सेवा निगम फेरी एक पटक विवादमा तानिएको छ। २५ जना पाइलटले राजीनामाको चेतावनी सहितको ज्ञापन पत्र बुझाएपछि निगम भित्रको असन्तुष्टी बाहिरिएको हो। नेपाल वायुसेवा निगमको ६० वर्षे इतिहासमै पहिलोपटक बिहीबार २५ जना पाइलटले राजीनामाको चेतावनी सहितको ज्ञापन पत्र बुझाए। ज्ञापन पत्रमा विदेशी र नेपाली पाइलटबीच सेवा-सुविधामा चरम विभेद गरिएको भन्दै उनीहरूले तीन महिनाभित्र तलब समायोजन गर्न माग गरेका छन्।



तर, ज्ञापन पत्र बुझाएको एक दिन नबित्दै केही पाइलटले आफुहरुलाई झुक्याएको भन्दै ज्ञापन पत्रबाट नाम फिर्ता लिएका छन्। आफुहरुले तलब वृद्धीको माग मात्रै राखेको तर साथीहरुले आफुहरुको भावना माथी खेलेको भन्दै समज कुमार श्रेष्ठ, रविन्द्र कुमार सेरचन नर ब.विश्वकर्मा र राजेश कुश्वाहाले हस्ताक्षर फिर्ता गरेको लिखीत जवाफ पेश गरेका छन्।

राजीनामा प्रकरणमा आफुहरुको कुनै संलग्नता नभएको उनीहरुले बताएका छन्। सामुहिक ज्ञापनपत्र बुझाउनेहरुले नेपाली र विदेशी पाइलटको तलब समान हुनपर्ने, आफुहरुले तिर्दै आएको कर निगमले तिर्नुपर्ने र करारमा राख्नुपर्ने लगायतका माग गरेका छन्।

विदेशी पाइलटहरुको ट्याक्स नेपाल एअरलाइन्सले नै तिरिरहेको छ। उनीहरुलाई १३ देखि १५ लाख रुपैयाँसम्म पनि दिइरहेको छ। नेपाली स्थायी पाइलटहरुको हकमा व्यवस्थापनले सूचनाबिना केही समयअघि २ महिनाको तलबै नदिएको उनीहरुको भनाइ छ। त्यसपछि पनि पछिल्लो पाँच महिनादेखि हरेक महिना ट्याक्स काटेर पनि अतिरिक्त एक लाख रुपैयाँ काटिरहेको उनीहरुको आरोप छ।

उनीहरु भन्छन्, 'किन ट्याक्स काटेको त्यसको जानकारी छैन। विदेशीले ४५ घण्टा उडाउँछन्। नेपाली पाइलटले ९० घण्टा उडाउँछन्। ९० घण्टा उडाएर पनि नेपाली पाइलटले धेरैमा २ लाख रुपैयाँ नत्र १ लाख मात्र पाइरहेका छन्। जबकि विदेशी पाइलटले नउडि १५ लाख पाइरहेका छन्।'

उनीहरु अगाडि थप्छन्, 'कुनै पनि पैसा काट्दै छ भने के कारणले काट्दैछ भन्ने थाहा दिनु पर्दैन? कुनै पनि सुचना नदिइ केही समयअघि दुई महिनाको तलब नै दिएन। पछिल्लो पाँच महिनादेखि हरेक महिना अतिरिक्त १ लाख रुपैयाँ काटिरहेको छ, तर किन काटेको जानकारी गराइएको छैन।'

तर, निगम व्यवस्थापनले भने पाइलटहरुको माग अनुचित रहेको बताएको छ। पाइलटहरुको सामूहिक ज्ञापनपत्र प्रकरणले लामो समयदेखि अनियमितता र काण्डैकाण्डबाट गुज्रिरहेको नेपाल वायु सेवा निगम थप समस्यामा पारेको छ। तलब र राजीनामा प्रकरणले संस्थालाई थप जर्जर बनाउने निगम व्यवस्थापनको भनाइ छ।

चेतावनी सहितको ज्ञापनपत्र बुझाउनेमा एयरबस ३३० का २ जना नेपाली क्याप्टेन, सोही जहाजका ११ को-पाइलटमध्ये १० जना, एयरबस ३२० का १६ क्याप्टेनमध्ये १२ जना रहेका छन्।

बागमती सफाई महाअभियानको ३५० औं हप्ता

# उत्साह समारोह गरिने

**राजेश्वरी कार्की/मध्यान्ह**
काठमाडौं, १० माघ



६ वर्ष अघि २०७० साल जेठ ५ गतेबाट सञ्चालन गरिएको बागमती सफाई महा अभियानले ३५० औं हप्ता पूरा गरेको छ। यो महाअभियानले ३५० औं हप्ताको सफलता पार गरेको अवसरमा शनिबार (आज) बिहान ७.३० बजे देखि १०.३० बजेसम्म काठमाडौंको त्रिपुरेश्वरस्थित बागमती किनारमा विशेष कार्यक्रमको आयोजना गरिने भएको छ।

उक्त महाअभियानले ३५० हप्ता पूरा गरेको सन्दर्भमा काठमाडौं महानगरपालिका वडा नं ११ को पहलमा वडावासीहरुलाई सरसफाई कार्यमा उत्प्रेरणा दिई सक्रिय गराउने उद्देश्यले विभिन्न कार्यक्रमहरुको घोषणा गरिने उक्त अभियानका संयोजक राजकुमार भट्टराईले जानकारी दिए।

यस महाअभियानलाई वडा नं ११ मा अझ प्रभावकारी ढंगबाट सञ्चालन गर्नका लागि अवधारणा सहित अघि बढाउने र नयाँ परिमार्जित ढंगबाट बागमती सरसफाई अभियान सञ्चालन गरिने उक्त वडाका वडाध्यक्ष हिरालाल तन्डुकारले जानकारी दिए।

७ वर्ष अघि गुहेश्वरी मन्दिरको प्रांगणबाट शुरु गरिएको उक्त राष्ट्रिय अभियान अटुट रुपमा हरेक शनिबार बिहान संचालन गरिँदै आएको छ। बागमती सफाई अभियानमा नेपाल सरकारका विभिन्न निकायहरु, सामजिक, धार्मिक संघ संस्थाहरु तथा बागमती सफाई अभियान्ताहरुको संयुक्त प्रयासमा सञ्चालित यो अभियानमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, गायत्री परिवार नेपाल, नेपाल विज्ञापन संघ, नेपाल चलचित्र कलाकार संघ, प्याब्सन, एनप्याब्सन, नेपाल टेलिकम, यस ट्राभल्स डट कम लगायत लाखौंको संख्यामा विद्यार्थी, शिक्षक, कर्मचारी, व्यवसायी, उद्योगपति, पत्रकार, कलाकार, डाक्टर, इन्जिनियर, समाजसेवी, राजनीतिकर्मी लगायतले सहभागिता जनाउँदै आएका छन्।

अभियान शुरु गरेदेखि बागमती नदीमा वर्षौंदेखि थुप्रिएका १२ हजार टन भन्दा बढी फोहर हटाइएको र करिब १० लाखभन्दा बढी स्वयंसेवीहरुले सो अभियानमा समय दान गरिसकेको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत बिकास समितिका अध्यक्ष नरेन्द्रराज बस्नेतले जानकारी दिए।

प्रारम्भमा बागमती नदी सफाईबाट शुरु गरिएको यो अभियान अहिले बागमतीका शाखा नदीहरु विष्णुमति, धोबीखोला, हनुमन्ते, मनोहरा, गोदावरी, बल्खु एवं चक्रपथका विभिन्न स्थान तथा भित्री टोलहरुमा विस्तार भएको छ। साथै उपत्यका बाहिर करिब ९० स्थान भन्दा बढी शहर बजारमा पनि स्थानीयहरुको सहभागितामा सफाई कार्यक्रमहरु सञ्चालन हुँदै आएको छ।

बागमती सफाई महाअभियान सञ्चालन भए पश्चात बागमती नदी क्षेत्रको वातावरणमा सुधार भएको, नदी पहिले भन्दा निकै सफा भएको, विभिन्न स्थानमा हरियाली पार्कको निर्माण भएको छ। त्यस्तै नदीमा ठोस र तरल विसर्जन गर्ने काम रोकिएको छ भने बालुवा चोरी र नदीको जग्गा अतिक्रमणमा नियन्त्रण भएको छ। नदी किनारका सम्पदाहरुको संरक्षण हुनाका साथै स्थानीयबासीहरुको पहलमा वृक्षारोपण गर्ने, विश्राम स्थल निर्माण गर्ने कार्यहरु पनि अघि बढिरहेको छ।

सरसफाई गरिएका क्षेत्रहरुलाई क्रमशः सम्बन्धित नगरपालिका र त्यसका वडा कार्यालयको रोहवरमा स्थानीय टोल सुधार, उपभोक्ता समिति वा स्थानीय संघसस्थाहरुलाई जिम्मा लगाइँदै जाने नीति अन्तर्गत गुहेश्वरीभन्दा माथिको तटीय क्षेत्रमा स्थानीय संघसस्थाहरुलाई जिम्मा लगाइएको अभियानका संयोजक ईश्वर शाही सिंहले बताए।

## आगलागीमा एक महिलाको मृत्यु

**शुभनारायण कामती/मध्यान्ह**
सिरहा, १० माघ

विद्युत सर्ट भएर सिरहाको कर्जन्हा नगरपालिका ४ बस्तीपुरमा शुक्रबार भएको आगलागीमा जलेर एक महिलाको मृत्यु भएको छ। घरमा सुतिरहेका बेला अचानक विद्युत सर्ट भएर आगलागी हुँदा कर्जन्हा नगरपालिका ४ निवासी १७ वर्षीया चुनचुन कुमारी नायकको जलेर मृत्यु भएको प्रहरीले जनाएको छ।

मृतक महिलाको शव पोष्टमार्टमका लागि लहानस्थित रामकुमार उमा स्मारक अस्पतालमा राखिएको प्रहरीले जानकारी दिएको छ। आगलागीका कारण घरमा रहेको फर्निचर, फ्रिज, खाधन्न लगायतका समान समेत जलेर नष्ट हुँदा करिब २ लाखको क्षति भएको प्रहरीले प्रारम्भिक अनुमान गरेको छ। बारुणयन्त्रको सहयोगमा प्रहरी र स्थानीयहरुले आगो नियन्त्रणमा लिएका थिए।

## फरार प्रतिवादी समातिए

**तनहु/मस–** लागुऔषध मुद्दामा जिल्ला अदालतबाट कैद सजाय तोकिएका एक फरार प्रतिवादी पक्राउ परेका छन्। पक्राउ पर्नेमा तनहुँको व्यास नगरपालिका-६ बस्ने २७ वर्षीय बमबहादुर विक रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

विकलाई व्यास नगरपालिका-३ दमौली बजारबाट बिहीबार पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता लीलाराज लामिछानेले जानकारी दिए। पक्राउ परेका विकलाई जिल्ला अदालत पेश गरिएकोमा तोकिएको कैद भुक्तानका लागि जिल्ला कारागार चलान गरिएको छ।

अदालतले विकलाई विसं २०७५ जेठ १४ गते एक महिना २३ दिन कैद र रु सात हजार जरिवानाको फैसला गरेको थियो। त्यसयता विक फरार सूचीमा रहेका थिए। विक विसं २०७३ चैत १५ गते व्यास नगरपालिका-२ सिद्धार्थ चोकबाट लागुऔषधसहित पक्राउ परेका थिए।

## घुस लिएको अभियोगमा पक्राउ

**भोजपुर/मस–** पुनःनिर्माण प्राधिकरणका कर्मचारी रु छ हजार घुस लिएको अभियोगमा पक्राउ परेका छन्। पुनःनिर्माण प्राधिकरणअन्तर्गत भोजपुर नगरपालिकामा कार्यरत सबइञ्जिनीयर प्रकाश तिवारी घुस लिँदै गर्दा अख्तियार दूरुपयोग अनुसन्धान आयोगले रङ्गेहात पक्राउ गरेको जनाएको छ।

इञ्जिनीयर तिवारीलाई आज रु छ हजार घुससहित भोजपुरको प्रधान होटलबाट पक्राउ गरिएको बताइएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीबाट खटिएको डिएसपी श्याम सारु मगर नेतृत्वको टोलीले त्यही होटलबाट रङ्गेहात पक्राउ गरेको जनाएको छ।

## बाह्रखरी बुक्सको कथा प्रतियोगिता घोषणा

**काठमाडौं/मस–** बाह्रखरी बुक्सले दोश्रो बाह्रखरी कथा प्रतियोगिता घोषणा गरेको छ। बाह्रखरी बुक्सले शुक्रबार विशेष कार्यक्रम गरी दोश्रो कथा प्रतियोगिता आह्वान गरिएको बारे जानकारी गराएको हो। प्रतियोगितामा प्रथम हुनेले १ लाख, दोश्रोले ६० हजार र तेश्रोले ४० हजार रुपैया सहित अवार्ड र प्रमाणपत्र पाउनेछन्।

प्रतियोगिताका लागि प्राप्त कथा छनोट दुई चरणमा गरिने छ। बाह्रखरीको आन्तरिक निर्णायक मण्डलले प्राप्त कथा मध्ये उत्कृष्ट ५० कथा चुनेर निर्णायक मण्डललाई उपलब्ध गराउनेछ। ती कथा मध्येबाट निर्णायक मण्डलले उत्कृष्ट कथा २०७७ पुस्तकका लागि २५ कथा छान्नेछन्। साथै तीनै २५ कथा मध्येबाट पहिलो, दोश्रो र तेश्रो छानिनेछ। कथा प्रतियोगिता घोषणा सभामा बाह्रखरी बुक्सका सम्पादक राजेन्द्र पराजुलीले नेपाली आख्यान प्रतिभालाई प्रोत्साहन गर्न गरिएको कथा प्रतियोगितामा भाग लिन देश भित्र र बाहिर रहेका सबै नेपाली कथा लेखकलाई आग्रह गरे।

## ऐतिहासिक गढीको संरक्षण गर्दै पर्यटनमा जोड दिइन्छ : मुख्यमन्त्री पौडेल

हेटौंडा/मस- बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले मकवानपुर गढीलाई देशको प्रमुख पर्यटकीय गन्तव्यका रुपमा विकास गरिने बताएका छन्। उनले आगामी केही वर्षभित्र दैनिक पाँच हजारको संख्यामा पर्यटक भित्र्याउने गरी काम गरिने बताए। मकवानपुरगढीमा २५७औं विजयोत्सव कार्यक्रममा मुख्यमन्त्री पौडेलले नेपाललाई जितेर लुटपाट मच्चाउन आएको विदेशी सेनालाई नेपाली सेनाले पराजित गरेको आजको दिन नेपाललाई स्वतन्त्र मुलुकका रुपमा स्थापित गराउन महत्वपूर्ण भएको बताए। उनले यस ऐतिहासिक क्षेत्रको प्रवर्द्धन गर्नमा प्रदेश सरकार लागिपर्ने बताए। ' माघ १०' नेपालको इतिहासमा गर्विलो दिन भएको उनको भनाइ थियो।



नेपाली सेनाले विदेशी सेनासँग लडेर धेरैको संख्यामा हताहत गरेको र ठूलो परिमाणमा हातहतियार कब्जा गरेको दिनका रुपमा माघ १० गते विजयोत्सवको रुपमा मनाउने गरिन्छ। गोर्खालीहरुसँग हारेर भागेका मकवानपुरे राजा दिग्बन्धन सेन र मन्त्री कनकसिंह बाँनियाहरुको अनुरोधमा मुगल बादशाह अंग्रेजहरुसँग लड्नका लागि तयार परिएको तीन हजार सैनिक तथा अत्याधुनिक हातहतियारको परीक्षणसमेत हुने ठानेर विसं १८१९ पुस २७ गते गुरगिन खाँको नेतृत्वमा रहेको मुगल बादशाह मिरकासिमको फौजले मकवानपुरमा हमला गर्‍यो।

लडाइँ जितेर काठमाडौं छिर्ने र पशुपति, स्वयम्भूजस्ता क्षेत्रमा लुटपाट गर्ने योजना बंगाली फौजको थियो। मकवानपुरमा आएको त्यस बंगाली फौजले १२ दिनसम्म हर्नामाडीको चौकी तथा पशुपन्छी र अन्नपात कब्जा जमाएर बस्यो। गुरिल्ला युद्ध गर्न माहिर गोर्खाली सेनाले त्यो अवधिभर युद्धको तयारी र तालीम गर्न पायो। माघ १० गते सम्पूर्ण तयारी सकेर गोर्खाली फौजले चारैतिरबाट आक्रमण गर्‍यो। गढीका खोजकर्ता केदार न्यौपानेका अनुसार ४०० दक्ष र केही सामान्य सैनिक रहेको गोर्खालीले तीन हजार फौजको मिरकासिमको सेनामा हाहाकार मच्चाएका थिए।

विसं १८१९ माघ १० गते भएको त्यस युद्धमा बंगालका तीन हजारमध्ये एक हजार ७०० सैनिक तथा नेपालका ३० जना मात्र मारिए। आजभन्दा २५७ वर्षअघि आजकै दिनको जीतपछि गोर्खाली सेनाले मिरकासिमको फौजबाट ५०० भन्दा धेरै राइफल र दुई तोप हात पारेर श्रीनाथ, कालीबक्स, बर्दबहादुर र सबुज गुल्म बनाएको र केही समयपछि पुरानो गोरखगुल्मसमेत स्थापना गरेको इतिहासमा पढ्न पाइन्छ। इतिहासकारका अनुसार सो युद्धमा मकवानपुर गढीका सेनानायक सरदार नन्दु शाहको नेतृत्वमा ४०० सैनिक थिए। पछि पृथ्वीनारायण शाहले थप ८०० सेनासमेत पठाएका थिए तर उनीहरु आइपुग्नुअगाडि लडाइँ सकिएको थियो। पहिलो विजयोत्सवमा सहभागी हुन शाह स्वयम् यहाँ आएको जानकार बताउँछन्।

## ८ लाख घुससहित गाउँपालिका अध्यक्ष पक्राउ

काठमाडौं/मस- जाजरकोट जुनिचाँदे गाउँपालिका अध्यक्ष कृष्ण बहादुर केसी ८ लाख रुपैयाँ घुससहित पक्राउ परेका छन्। उनलाई ८ लाख घुससहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुर्खेत कार्यालयको टोलीले रंगेहात पक्राउ गरेको हो।

प्रदेश विकास परिषद्को बैठक भाग लिन सुर्खेत आएका बेला अध्यक्ष केसीलाई उपभोक्ता समितिबाट ८ लाख रुपैयाँ घुस लिएको सूचनाको आधारमा अख्तियारको टोलीले पक्राउ गरेको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेत कार्यालयका सूचना अधिकारी मेघनाथ सापकोटाले गाउँपालिका अध्यक्ष केसीलाई उक्त घुससहित नियन्त्रणमा लिएको पुष्टि गरे।


तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ। मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com



होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ।
Get your skill for your future carrier



✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✔ FRONT DESK, RECEPTION


रोजगारी पनि भविष्य पनि
■ स्वदेशमै होस कि विदेशमा
■ स्वरोजगार वा वैदेशिक रोजगार
■ तपाईं सीप सिक्नुहोस्
■ अवसर र उपाय हामी खोजी दिन्छौं।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

कथा

# कथा: अमेरिकी स्वास्नी



डा. एकप्रसाद दुवाडी

मानवले सुनेको थियो नेपाल जति सुन्दर देश संसारमा कुनै छैन तैपनि नेपाल सुनको कुर्सीमा बसेर सुनको कचौरामा मागिरहेछ । अनि नेपाली जति असल मानिस अरु कहीँ पनि हुँदैनन् । उसो भए दैनिक हजारौ नेपाली किन विदेश भासिन्थे त ? उसलाई यी कुरामा दम लागेन, सायद अमीलो अँगुर जस्तो होला सोच्च्यो । कुनैदिन अमेरिकी केटीसँग बिहे गर्ने कुरो त के अमेरिका जान पाउछु भन्ने कुरामा पनि मानवलाई विश्वास थिएन किनकी ३-४ चोटी टोफल अनि जिआरइ दिएर आवेदन गर्दा पनि गतिलो अफर पाउँदै थिएन ।

यसो हुनुमा दुई प्रमुख कारण भनेको ऊ कुवाको भ्यगुता जस्तो थियो । टाढाका युरोप अमेरिका को त परै जाओस् छिमेकका चीन र भारतका प्रमुख शहरहरुसम्म पनि भ्रमण गरेको थिएन भलै झुक्किएर एक-दुई पल्ट बोर्डरसम्म पुगेको थियो। तर बोर्डरमा गएर अर्को देशको बारेमा बुझ्न सम्भव पनि छैन, अनि छोटो भ्रमण र बसाइले गहिराई र चौडाइ नाप्न सक्दैन कुनै पनि नयाँ यात्रीले । यसका अलवा उसका शिक्षकहरु र मनपर्ने लेखकहरुका अनुसार पनि उसको धारणा बनेको थियो । त्यसैले उसले यही वकालत गरिरह्यो चिनेजानेका सबैसँग ।

उसले नेपलमै पढ्यो, काम गर्न पनि नेपालमा रहेको एक नामुद संस्थामा सुरु गर्यो र नेपालमै बिहे गर्ने सोच बनाएको थियो । उसका साथीहरु भने विस्तारै समृद्धिको खोजीमा अमेरिका, युरोप र अष्ट्रेलिया हान्निदै थिए । कति जिआरइ, आएल्टस्, टोफल दिँदै कलेज - विश्वविध्यालय खोज्दै थिए । एक-दुई जना सरकारी सेवामा पसेका थिए । उसका परिवारका अरु पनि यतै थिए । उसले अन्त जाने सोच नबनाएको कारण बुबा आमा को करले पनि हो। उनीहरु गाउबाट शहर आउन त बडो सकससाथ मानेका थिए तर यताबाट बिदेश आउजाउ गर्न तयार थिएनन् । "हेर है कान्छा, बुढेसकालमा हामीलाई तनाब दिने होइन, तँलाई जति पैसा चाहिन्छ, हामी यतै दिउँला तर अरुले जस्तो हामीलाई अलपत्र नपार ।"

अँग्रेजी साहित्य र सञ्चार विषयमा एम ए गरेको उसलाई पशिचमी संस्कृति भने नौलो त थिएन किनकी फुर्सदका बेला सिएनएन, एफबियो र इसपिएन उसको रोजाइमा थिए । यध्यपि पुरै भिजेको पनि थिएन उसको ती बुझाइ पनि सतही र बोक्रे मात्र भन्दा हुन्थ्यो । लामो समयसम्को लागि विदेश जान नपाए पनि छोटोसमयको लागि सही ऊ एकचोटी अमेरिका जान चाहन्थ्यो किनकि आधुनिक विश्व इतिहासमा अमेरिका सामरिक, आर्थिक, राजनीतिक, शैक्षिक र प्राविधिक सबै किसिमको केन्द्र भैसकेको थियो र त्यो ठाउँमा जाने मोह जो कोहीमा रहन्छ नै ।

यति नै बेला उसको विवाहको लागि कुरो चलिरहेको थियो । दर्जनौ तिरबाट प्रस्ताव आएपनि किन हो जुरिरहेको थिएन । उसलाई मन परेकीलाई ऊ मन नपर्ने तर उसलाई मन पराउने लाई उसले मन नपराउने । कार्यालयमा सँगै काम गर्ने एकजना सहकर्मीप्रति पनि ऊ मोहित त थियो । तर दुई कुराले हच्चिकदै थियो( एउटा कारण भनेको त्यस बारेमा केटी साथीसँग कहिल्यै कुरा नगरेकोले त्यो एकतर्फी हुनसक्थ्यो भने अर्को भनेको यदि ती साथीले उसको प्रस्ताब स्वीकार नै गरे पनि त्यो अन्तर्जातीय हुने भएकाले उसका पुरातन विचारका बाबुआमालाई घात हुन सक्थ्यो । त्यसैले उसले त्यो जोखिम नै मोल्न सकेन । तर सजातीय घरानिया लगनगाँठोका लागि भएका पहलमा एउटै बाधा थियो कि केटीका बुबा वा दाइ भन्थे, "केटो त लायक रहेछ, तर यसको आफ्नै नाममा घर जग्गा नै रहेनछ काठमाडौंमा ।" अब काठमाडौंमा गरजग्गा कसरी जोड्ने, पढाउने काम गरेर, ऊ गम्थ्यो ।

कोही कोही ऊ विदेश नजाने सोचको भएकाले विवाह गर्न राजी थिएनन्, "तपाई जस्तो शिक्षित र प्रतिभावन मान्छे पनि यहि सडेर बस्ने ? तर म त उड्न चाहन्छु–एक्काइसौ शताब्दीमा पनि पुराना सासू-ससुराको स्याहारसुसार गरेर बस्न सक्दिनँ म त !" यस्तै यस्तै कुराले मन कुडिन्थ्यो र कहिलेकाँही सोच्थ्यो, बरु म जीवनभरि अविवाहित बसुँ कि क्या हो। यहाँका केटीहरु त यस्ता छन् भने विदेशी कति भाउ खालान् !

पछि अमेरिकी दुतावासले आव्हान गरेको एउटा साास्कृतिक आदनप्रदानको विज्ञापन देखेर आवेदन भरेपनि ऊ छानिएको थिएन पहिलो चोटी, तर प्रयास भने जारि राख्यो । अर्को वर्ष पनि उसले आवेदन दियो र अन्तरवार्ताका लागि पनि छानियो । रिजल्ट उसको फेबरमा आएन सुरुमा। यसपालि पनि, ऊ वैकल्पिक उम्मेव्दारमा मात्र परेछ (यदि संसारभरिका १६ मध्ये कुनै १ ले छोडेमा ऊ बोलाइन सक्थ्यो त्यसैले उसमा त्यो उत्साह थिएन) अमेरिका जाने अवसर पाउँदा कसले छोड्ला अझ सित्तैमा वा अमेरिकी सरकारको खर्चमा । तर कहिलेकाही अचम्म हुन्छ र त्यही भयो मानवको सवालमा पनि । अन्तिम समयमा आएर कसैले क्यान्सेल गरेकोले एउटा खाली सिट उसलाई मिल्यो । दुतावासले उसलाई बधाइ दिदै पत्र लेख्यो तयारी गर्नका लागि । करिब १ महिना पछि केही महिनाको लागि अमेरिका जाने अवसर आएको थियो उसलाई आश मारिसकेको कुरा प्राप्त हुदा उसको खुशी चौगुणा बढ्यो। सबैले बधाइ दिए र केहिले उतै बिलाउन सुझाए पनि त्यही मौकामा । "केही वर्ष पछि त कानूनी भैहाल्छ नि, यो मौका नगुमाउनुहोस् ।"

ओहायो विश्वविध्यालयकी एक प्रोफेसर रोजमेरि उसको संपर्कमा आइपुगिन् जसले त्यो कार्यक्रमको संयोजकको हिसाबले मानवलाई अमेरिका भ्रमण, क्रियाकलापहरु, अरु देशबाट जाने सहयात्रीहरु र उता बस्दा गरिने अनुसन्धानका सुपरभाइजरसँग संवाद गराइन् । मानवले लेखेको पहिलो इमेल पढेर उनले लेखेकी थिइन्, "हामी एक रसिला र सिर्जनशील पाहुनालाई हाम्रो विश्वविध्यालयमा आतित्थ्यता दिन पाउदा बडो रोमान्चित भएका छौं ।"

पछि उसले सुभरभाइजर बिल लिडरसँग पनि परामर्श गर्यो । उनी पनि बिन्दास लाग्यो । बिलकै निर्देशनमा उसले एउटा प्रस्ताव पनि लेख्यो जोखिम संबन्धी संचार । यतिजन्जेलसम्म उसका अरु सहयात्रीहरुसँग पनि इमेलद्वारा संपर्क भैसकेको थियो भर्चुअल रुपमा । ऊ समेत १६ जनाको डफ्फा त्यो कार्यक्रममा सामेल हुँदै थिए । ती मध्ये मलेसियाकी एक प्रध्यापकसँग उसको बढि नै भलाकुसारि भएको थियो उड्नु अघि उसलाई लाग्यो उनीसँग दोस्ति जम्नेछ उतातिर ।

> "तपाईहरु जस्तै छानिएर गएका एकजना साथी उतै हराए । यस्तो भएपछि के लाग्छ? यस्तो अवसर नै मेटिन्छ र जानुपर्ने सही र असल मान्छेले मौका पाउदैनन् ।"

हिड्नु अघि दुतावसका एक अधिकारी सम्झाउदै थिइन्, "तपाईहरु जस्तै छानिएर गएका एकजना साथी उतै हराए । यस्तो भएपछि के लाग्छ? यस्तो अवसर नै मेटिन्छ र जानुपर्ने सही र असल मान्छेले मौका पाउदैनन् ।" गम्भीर मुद्रामा उसले सही थापेको थियो कि उसले त्यस्तो गद्दारी गरेर सयौ अरुका बाटो छेकिदिने छैन । उसलाई त ठूलो पोखरीमा गएर हराउनु छैन बरु सानो पोखरीमै फर्केर बुबाआमाको र देशको सेवा गर्नुछ ।

अमेरिकामा पाइला टेक्ने बित्तिकै दाँतमा ढुङगो लागे जस्तै भयो । सिकागोबाट कोलम्बस जाने जहाजको गेट खोज्दै जाँदा अनायाश एउटा ७/८ वर्षकी बालिका की बाउ उसलाई लम्की झम्की गरेर गाली गर्दै लखेट्न थालेछ । जब मानबलाई उसले त्यो सानी केटीको खुट्टा कुल्चेको आभाष गराइयो, तब ऊ माफी माग्न थाल्यो । ती अश्वेत बाबु-छोरी बल्लबल्ल मुस्कुराए ।

पछि ट्रान्जिटमा कुर्दा उसको आँखा एउटा क्याफेमा पर्यो जहाँ कुशाग्र केटी ठूलठूलो स्वरमा कफिको विज्ञापन गर्न थाली, "क्यापाचिनो, मोका, लाँटे" । ऊ अलि नगिच गएर नियाल्दा कार्डमा "ए. लाल" लेखिएको थियो, "के तिमी पनि कफी पिउछौ ?" उसले मुन्टो हल्लाउँदै सोध्यो, "के तिमी भारतीय हौ कि ?" 'होइन, म नेपाली हुँ, मलाई लाग्छ तिमी पनि नेपाली हौं" अब नेपाली मै फर्रर्र बोल्न पो थाली । मानवलाई खुशी लाग्यो, नेपालीहरु कुना कुनामा पुगिसकेछन् त । "के म पनि ऊ सँग कफि किनेर पिऊ ?" तर केही ग्राहकहरु आएकाले ऊ आफ्नै काममा फर्की । जुलाइ ४ मा उसले उडान भर्यो कतार एर्लायन्सबाट दोहा हुदै सिकागो र कोलम्बस पुग्यो।

मानवको भेट अर्को एक यात्रीसँग भयो जो ओहायो कि बासिन्दा पनि रहिछन्, आयरल्याण्डतिरबाट ट्रेकिङ गरेर फर्किएकी उनी भन्दै थिइन्, "त्यहाँ हाम्रो पोखरीमा यो क्षेत्रकै सफा पानी छ ।" पछि कुरा गर्दै जाँदा उनीले नै एयरपोर्टबाट विश्वविध्यालयसम्म पुर्याइ दिने प्रस्ताव गरिन् । यत्तिकैमा उसको परिचय लेबनानबाट आएका अर्का प्रोफेसरसँग पनि भयो जो सँगसँगै उही कार्यक्रममा भाग लिदै थिए । अमेरिकन एयरलायन्सको जहाजबाट उडान गर्दा त्यसको सुविधा कतार एअरलाइन्स जत्तिको दर्बिलो लागेन उसलाई, सायद डोमेस्टिक उडान भएकोले त्यस्तो भएको होला सोच्यो । "नत्र कहाँ अमेरिका अनि कहाँ कतार ।"

करिब ३ बजेतिर कोलम्बसमा ल्यान्ड गर्दा झलमल्ल घाम लाग्दै थियो । मानवले जाहाजको झ्यालबाट नियालिसकेको थियो, "औध्योगिक देश अमेरिकामा त कुनै खेतबारी बाँझिएका रहेनछन् ।" जता हेरे पनि गहुँ पाकेर पहेलै वा मकै फलेर हरियै ।

त्यहाँ अफ्रिका महादेशबाट आउने ३ जना बाहेक अरु आइसकेका थिए । डाक्टर के जसलाई (उसले ड्राइभर सोचेको थियो) र उनका सहयोगीहरु एन, चु, रब, पाम कार लिएर उनीहरुको स्वागत गर्न खटिसकेका थिए । बुझ्दै जाँदा पत्ता लाग्यो कि उनीहरु विभिन्न समूह मा पढ्ने त्यहीका विध्यार्थी थिए जो बिदाको समयमा त्यसरी नै पार्टटाइम काम गर्थे । ७०-८० माइलको यात्रा पछि अथेन्स स्थित ओहायो विश्वविद्यालय पुगे जहाँ मानवले अर्को गल्ति गर्यो, ढोका खोलिदिने मान्छेलाई गार्ड सम्झेर किनकी तिनी उसको रिसर्च सुपरभाइजर बिल थिए। अमेरिका गएपछि उसले थाहा पायो, त्यहाँ सबैले कार हाँक्दा रहेछन् र काम ठूलो सानो भनी भेदबाव गरिदो रहेनछ ।

केही समयमा नै ऊ सबैसँग घुलमिल भयो । ऊ पुरुषहरु राखिएको तलामा अरु ७ जना सँगसँगै बस्यो । माथिल्लो तलामा उति नै संख्यामा महिला प्रोफेसरहरु राखिए । केही दिनमा नै महिलाहरुसँग पनि चिनजान भयो र नयाँ नातागोता र साथी भए । पहिलोपल्ट उसले हिन्दुका अलवा मुसलमान, क्रिश्चियन र अरु धर्म र फरक परिवेशबाट आएका साथीहरुसँग दिनचर्या बिताउनुपर्यो मुख्य गरेर, शौचालय प्रयोग गर्दा, लुगा धुँदा र खाना पकाउदा र राख्दा निक्कै अप्ठ्यारो लाग्यो सुरुसुरुमा ।

उसले बिस्तारै विविध धर्म तथा संस्कारहरुको अर्थ र चुनौतिहरु बुझ्यो । उमेरमा अरुभन्दा २-३ वर्ष कान्छो भएपनि उसलाई अरु बच्चा जस्तै लाग्यो । उनीहरुको खानपान, लवाइखुवाइ र व्यबहारहरु अलि अल्लारे तालका थिए एकजना भारतीय समकक्षी विनोद बाहेक । ऊ उनीहरुसँग उति घुल्न सकिरहेको थिएन तर दिनभरीको तालिम, भोजभतेरहरु, अनि विदाका दिनहरुमा गरिने टाढाटाढाका भ्रमणले उनीहरु एकदम ब्यस्त थिए ।

एकदिन ल्याबतिर घुम्दै जाँदा उसको हर्षले सीमा नाग्छ किनकी त्यहाँ एक नेपाली भेट्टाउँछ जो केही वष देखि त्यही काम गर्दै थिए । ती नेपाली अमेरिकी को अर्की साथी थिइन् जो चाख मानेर नेपालको बारेमा सोध्थिन् । "अलि बढी थाहा पाउने भए मलाई कफि पिआउनु पर्छ ।"। उसले जिस्क्यायो, नभन्दै मेरिनाले उनीहरु दुबैलाई डन्की क्याफेमा कफिको लागि निम्तो दिई तालिम होलो भएको समय।

ओहायो विश्वविद्यालयको हाताबाट ५ मिनेटको दुरीमा रहेको क्याफेमा ऊ जाँदा अर्को नेपाली साथी आइपुगेको थिएन तर मेरिना आइपुगिसकेकी रहिछ । २७-२८ वर्ष जति उमेरकी मेरिनाको हुलिया आम अमेरिकी तरुनीसँग मिल्दोजुलदो थियो । सुनकेस्रा कपाल, फुस्रो गोरो अनुहार, ठूल्ठुला आँखा, पुष्ट स्तन, ठिक्कको उचाइ, हकी स्वभाव र खाइलाग्दो जिउडाल। मानव पनि झन्डै उस्तै उचाइको तर केही छिप्पिएको थियो । ऊ निलो जिन्स र रातो टीसर्ट अनि स्निकर्स लगाएर उता गएको थियो । आज उसले राम्ररी नियाल्यो मेरिनालाई सायद उसले पनि त्यस्तै गरी । सायद अमेरिकामा प्रोफेसरको धेरै आदर भएकोले ऊ त्यति सुशील देखिएकी हुन पनि सक्थी मानवको अगाडि ।

**उनीहरूले सँगै कफी पिए, "म नेपाल आएँ भने सहयोग गर्छौ ?"**

**आश्चर्य मान्दै सोध्यो, "किन आउने नेपाल ?"**

"तिम्रो देश सुन्दर छ भन्ने मैले सुनेको छु ।"

हो, तर त्यहाँ धेरै समस्या पनि छ–जस्तो १५/१६ घण्टाको लोडसेडिङ तिमीहरु यस्तो विकसित देशका मान्छे टिक्न गार्हो छ, त्यहाँ अहिले धेरै कम मानिस मात्र बस्न रुचाउछन् ।

त्यही त म देख्न चाहन्छु आफ्नै आँखाले। अनि यतातिर त्यति भावानात्मक सम्बन्ध पनि संभव छैन। अमेरिकी केटाहरुसँग राम्रा कार त छन् तर उनीहरुसँग समय छैन ।

फेरि कमाइ पनि यता जस्तो छैन, तिमीलाई गार्हो होला, अनि पछुताउने छौ पक्कै पनि ।

मलाई त्यसको चिन्ता छैन किनकि यताको २ वटा पत्रिकाको रिपोर्टर भएकोले फरक पर्दैन, मैले जागिर छोडे पनि उनीहरुले मेरो रिपोर्ट छापि दिन्छन् । यसरी विस्तारै उनीहरु नजिकिए सायद विपरित ध्रुबका भएकाले होला । एकदिन मानवले अनुरोध गर्यो, टाढाटाढाको यात्राले वाक्क लागिसक्यो, यता नजिकै कुनै राम्रो घुम्ने ठाउँ छैन ।

